इटहरी उपमहानगरपालिका

# इटहरी उप-महानगरपालिकाको आन्तरिक आय संकलन ठेक्का

## आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०२।३२

इटहरी उपमहानगरपालिका द्वारा आ.ब.०७६।०७७ का लागि आर्थिक ऐन २०७५ को दफा २१ अनुसार आन्तरिक आयहरु ठेक्काद्वारा बन्दोवस्त गर्नु पर्ने भएकोले इन्छुक दर्तावाला फर्महरुले देहायका शर्त बन्देजको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ । सम्पूर्ण विवरण सहितको सूचना जिल्ला प्रशासन कार्यालय सुनसरी, जिल्ला समन्वय समितिको कार्यालय सुनसरी, कोष तथा लेखा नियन्त्रण कार्यालय सुनसरी, इलाका प्रहरी कार्यालय इटहरी, पूर्व क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय इटहरीको सूचना पार्टीमा टांस गरिएको छ । तोकिएको मिति र समयभित्र खरिद गरी कार्यलय समयभित्र शिलबन्दी बोलपत्र इटहरी उपमहानगरपालिकाको कार्यालयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि WWW.itaharimun.gov.npमा हेर्न सकिनेछ ।

१. दरभाउपत्र वा बोलपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले यस सूचनामा तोकिएको मिति र समय भित्र यस उप-महानगरपालिकाको कर शाखाबाट खरिद गरि पेश गर्न सकिने छ ।

२. शिलवन्दी दरभाउपत्र वा बोलपत्र साथ जमानत वापत कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको धरौटी खाता नं. ग-३०५९०३००००००००३००००३ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तपसिलको मिति र समय भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३. दरभाउपत्र वा बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र वा बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु गरिनेछ ।

४. छुट्टा छुट्टै विषयको दरभाउपत्र वा बोलपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम , छाप र फोन नं स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नु पर्ने छ ।

५. रितपूर्वक दाखिला भएको शिलवन्दी दरभाउपत्र वा बोलपत्रहरु देहाय अनुसारको मिति र समयमा यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ । तर ठेकेदार वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको दरभाउपत्र वा बोलपत्रलाई मान्यता दिईने छैन ।

७. दरभाउपत्र वा बोलपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजश्व कार्यलयमा फर्म दर्ता भइ आ.ब. २०७४।०७५ को कर चुक्ता भएको हुनुपर्ने छ । र पेश गर्ने फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा ब्यवसाय कर प्रमाणपत्र प्रमाणित प्रतिलिपी र मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ ।

८. ठेक्का सम्वन्धमा प्रचलित कानून अनुसारका बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्ने छ।

९. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियमानुसार संझौता गर्न उपस्थित हुनुपर्ने छ।

१०. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा एक बर्षे ठेक्काको हकमा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई ३ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको बखतमा, दोस्रो किस्ता २०७६ कार्तिक मसान्त भित्र र अन्तिम किस्ता २०७६ फाल्गुण मसान्त भित्र दाखिला गर्नु पर्नेछ । किस्ता रकम ठेक्का संझौता गर्दा नै बुझाई बांकी रकमको हकमा २०७७ असार मसान्त सम्म म्याद कायम रहेको मान्यता प्राप्त बैंकबाट जारि गरिएको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । । तिन वर्षे ठेक्काको हकमा कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा तीन किस्तामा विभाजन गरि पहिलो किस्ता २०७६।०७७ को कबोल रकम अग्रिम रुपमा सम्झौता गर्दैको बखत बुझाई बांकी रकमको २०७९ असार मसान्त सम्म अवधि भएको मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी बुझाई सम्झौता गरिनेछ । तीन बर्षे ठेक्काको हकमा दोश्रो किस्ताको रकम २०७७ श्रावण मसान्त भित्र र अन्तिम किस्ता २०७८ श्रावण मसान्त भित्र नगदै बुझाउनु पर्ने छ ।

११. तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्ने छ ।

१२. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैंक ग्यारेण्टीबाट उक्त बांकी रकम अशुल उपर गरिने छ ।

१३. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का उप-महानगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाईने छैन । बढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना अशुल गरी कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

१४. ठेक्का संचालन गर्दा उप-महानगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिने छ ।

१५. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा, छुट, हर्जना, सहुलियत माग गर्न पाउने छैन ।

१६. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि उपमहानगरपालिका कार्यालयले तोकेको ढांचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई उपमहानगरपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइनेछ ।

१७ दरभाउपत्र वा बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कवोल गर्नेसंग संझौता गरिनेछ ।

१८. साविक गा.वि.स. तथा साविक इटहरी उपमहानगरपालिकाले लगाएको ठेक्का लिई कबोल अंक चुक्ता नगरेको ठेकेदारवाट ठेक्का बक्यौता रकम चुक्ता नभएमा निजबाट दाखिला हुन आएको ठेक्का स्वीकृत गरिने छैन ।

१९. कुनैपनि चिठ्ठी, तार, टेलिफोन फ्याक्सबाट आएको बोलपत्रलाई मान्यता दिइने छैन ।

२०. यस ठेक्का सम्वन्धमा कुनै किसिमको विवाद उत्पन्न भएमा उप-महानगरपालिकाको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ ।

२१. दरभाउपत्र वा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस उप-महानगरपालिका मा सुरक्षित रहने छ ।

२२. नेपाल सरकार, अदालत र उपमहानगरपालिका को आदेश निर्देशन निर्णयको ठेकेदारले अक्षरस पालना गर्नु पर्ने छ ।

२३. ठक्का कबाल गन ठकदारल सकार गरका रकममा नियमानुसार लाग्न मु.अ. कर समेत नगरपालिकामा दाखिला गनु पनछ।

२४. कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस उपमहानगरपालिकाको राजश्व शाखामा आई विस्तृत विवरण बुझ्न सकिने छ।

२५. राष्ट्रिय राजमार्गमा ढाट तगारो राखी कर उठाउन पाईने छैन।

२६. कर, दस्तुर शुल्क संकलनको दररेट सहितको सूची दरभाउपत्र वा बोलपत्रसाथ उपलब्ध गराईनेछ। उक्त सुचीको वोर्ड सबैले देख्ने ठाउमा राखि सूचिमा उल्लेखित दर रेटको तोकिएको स्थान वाहेकको ठाउंमा कर दस्तुर शुल्क उठाउन पाईने छैन।

२७. सवारी पार्किङ्ग तथा सफाई शुल्क उठाउन पाईने स्थान :- बसपार्क प्रवेश मार्ग र बसपार्कबाट निस्कने बाटोहरुमा रोकिएका सवारी साधानहरु र उप-महानगरपालिकाले तोकेको अन्य ठाउंमा मात्र लिन पाईनेछ। गुडी रहेको सवारी साधनहरुमा यो कर लिन पाईने छैन।

२८. क) साप्ताहिक आईतबारे बुधबारे हाट वडा नं. ९ को कर संकलन गर्ने क्षेत्र : - टेग्राखोला देखि पूर्व जुट विकास चोक सम्म हुलाकी मार्गको दायाँ बायाँ तथा उपमहानगरपालिकाले लगाएको पोखरी पुरी बनाएको हाटमा

ख) आइतावारे बुधवारे हटियामा रहेको भवन कोठा भाडा वडा नं. ९ :- उप महानगरपालिकाको आइतावारे बुधवारे हटियामा रहेको भवनका कोठा (सटर) हरु

२९. सबै हटियाको ठेक्का सकार गर्नेल हटिया लाग्ने क्षेत्रमा हाट लाग्ने दिनको एक दिन अगाडी र पछाडी जुन ठेक्का सकार गरेको हो सोही ठेकेदार आफैले सो क्षेत्र सफा गर्नु पर्ने छ।

३०. खनार क्षेत्रको शनिवारे हटिया (सुगुर वंगुरहाट समेत)क्षेत्रमा शुक्रवार ठेकदार आफैले सफा गर्नुपर्न छ र आइतवार उपमहानगरपलिका कार्यालयले सफागर्ने छ।

३१. खनार क्षेत्रको गुद्री, सोमवारे र वुधवारे हटिया ठेकेदार आफैले सफा गर्नु पर्नेछ।

३२. साप्ताहिक विहिवारे सोमबारे हाट हांसपोसा क्षेत्रमा मेला लागेको दिन वाहेकको मात्र कर उठाउन पाइने छ र हटियाको फोहोर व्यवस्थापन सरसफाइ ठेकेदार स्वयंले गर्नुपर्ने छ।

३३. साप्ताहिक शनिवारे, मंगलबारे हाटकर जनता वस्ती इटहरी ५ को ठेक्का लिनेले माछा मासु पसले संग कर उठाउन पाउने छैन।

३४. सार्वजनिक शौचालयको सम्पूर्ण फोहरमैला व्यवस्थापन ठेकेदार आफैले गर्नुपर्ने छ। दर रेटको सूचना अनिवार्य शौचालय अगाडी राखेर मात्र कर उठाउन पाइने छ।

३५. यस सूचनामा उल्लेख भएका सर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्यूनतम बार्षिक ठेक्का अंक रु. | सिलवन्दी दरभाउ पत्र/ बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरीद गर्ने अन्तिम मिति | बोलपत्र फारम बुझाउने अन्तिम मिति र समय | बोलपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | १।२०७५।०७६ | सवारी पार्किङ्ग सरसफाई शुल्क बसपार्क वडा नं. ९ | एक वर्ष | ८०,००,०००। | ३०००। | २०७६।३।२९ गते सम्म | २०७६।३।३० गते दिउसो १२:०० वजे सम्म | २०७६।३।३० गते दिउसो १२:०० वजे सम्म |
| २ | २।२०७५।०७६ | आइतावारे बुधवारे हटियामा रहेको भवन कोठा वडा नं. ९ | तीन वर्ष | ६१,२०,०००। | ३०००। | २०७६।३।२९ गते सम्म | २०७६।३।३० गते दिउसो १२:०० वजे सम्म | २०७६।३।३० गते दिउसो १२:०० वजे सम्म |
| ३ | ३।२०७५।०७६ | साप्ताहिक आईतबारे, बुधवारे हाटकर वडा नं. ९ | एक वर्ष | ४४,८९,२२२। | ३०००। | २०७६।३।२९ गते सम्म | २०७६।३।३० गते दिउसो १२:०० वजे सम्म | २०७६।३।३० गते दिउसो १२:०० वजे सम्म |
| ४ | ४।२०७५।०७६ | साप्ताहिक शनिवारे हाटकर वडा नं ११,१२ खनार | एक वर्ष | १७,९७,४००। | १०००। | २०७६।३।२९ गते सम्म | २०७६।३।३० गते दिउसो १२:०० वजे सम्म | २०७६।३।३० गते दिउसो १२:०० वजे सम्म |
| ५ | ५।२०७५।०७६ | साप्ताहिक सोमबारे हाटकर पकली वडा नं. १७ | एक वर्ष | ३,८८,९११। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| ६ | ६।२०७५।०७६ | साप्ताहिक सोमवारे, शुक्रबारे हाटकर पचरुखी वडा नं. ५ | एक वर्ष | ३,४१,५५६। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| ७ | ७।२०७५।०७६ | साप्ताहिक मंगलबारे, शनिवारेहाटकर जनता वस्ती वडा नं. ५ | एक वर्ष | ४,८९,६२२। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| ८ | ८।२०७५।०७६ | दैनिक गद्रीहाट र सोमवारे, बुधवारे हाट कर वडा नं १२ खनार | एक वर्ष | ५,५१,१००। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| ९ | ९।२०७५।०७६ | साप्ताहिक सोमबारे विहिवारे हाट तरहरा वडा नं. २० | एक वर्ष | ५,४५,०५१। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| १० | १०।२०७५।०७६ | एकम्व आइतवारे हाट १५ नं. वडा कार्यालय छेउ | एक वर्ष | ३०,०००। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| ११ | ११।२०७५।०७६ | लवीपुर विहिवारे हाटकर वडा नं. १७ | एक वर्ष | १,००,०००। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| १२ | १२।२०७५।०७६ | बलग्राम चोक मंगलवारे हाटकर वडा नं. १७ | एक वर्ष | १,००,०००। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |

नवराज भण्डारी
उपसचिव (लेखा)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | १३।२०७५।०७६ | आंपगाछी सोमवारे र विहिवारे हाटकर वडा नं. १ | एक वर्ष | १,५०,०००। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| १४ | १४।२०७५।०७६ | पुराण चोक शनिवारे हाटकर वडा नं. २ | एक वर्ष | ५०,०००। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| १५ | १५।२०७५।०७६ | कान्छिचोक शुक्रवारे हाटकर वडा नं. १७ | एक वर्ष | १,००,०००। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| १६ | १६।२०७५।०७६ | हवाइचोक शुक्रवारे हाटकर वडा नं. २ | एक वर्ष | १,००,०००। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| १७ | १७।२०७५।०७६ | सार्वजनिक शौचालय इटहरी बसपार्क वडा नं. ९ | एक वर्ष | ३,३७,१५६। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |
| १८ | १८।२०७५।०७६ | सार्वजनिक शौचालय आइतवारे बुधवारेहाट इटहरी ९ | एक वर्ष | १,००,०००। | १०००। | २०७६।३।१४ गते सम्म | २०७६।३।१५ गते दिउसो १२:०० वजे सम्म | २०७६।३।१५ गते दिउसो २:०० बजे सम्म |

नवराज नेपाल
उपसचिव (लेखा)